# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०७।०२ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी भावना महत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको भन्ने प्रतिवादी लेखा पनेरु महत भएको मुद्दामा घुस बापतको रकम राखिदिने भावना महतलाई उक्त मुद्दाको अनुसन्धानको क्रममा प्रतिवादी नबनाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले विशेष अदालत, काठमाडौं समक्ष वकपत्र गर्दा प्रतिकूल हुने गरी बकपत्र गरेकोले निज भावना महतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको कसूरमा मतियार भएको हुँदा निजउपर रु.१,५०,०००।- (एक लाख पचास हजार मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको कसुरमा ऐ.ऐनको दफा २२ बमोजिम राष्ट्रसेवकलाई हुने सजायको आधा सजाय हुन,
मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।१०।१२ को फैसलाबाट सफाई दिएको-:

- भावना महतले मालपोत अधिकृत लेखा पनेरु महतले रातो फाईवरको झोला भित्र रहेको सामान राख्र भनेर आफूलाई दिएको र निजले सो झोला पुन लिएकी हुन् भनी व्यहोरा लेखाएको, तर अदालतमा बकपत्र गर्दा कुरा फेरी उक्त रातो झोला मेदो शेर्पाले आफूलाई राख्र दिएकोमा सोही बखत लेखा पनेरुलाई दिएको भनी लेखाएकोले झोला कसले राख्र दिएको भन्ने सम्म व्यहोरा फरक देखिए पनि कसले लिएको भन्ने तर्फ लेखा पनेरुले सो झोला लिएको देखिंदा झोला दिने व्यक्ति जो कोही भएपनि लेखा पनेरु महत नै झोला लिने व्यक्ति भएकोमा कुनै विवाद नदेखिएको।
- घुस बापत लिएको बरामदित रकमसमेत निज प्रतिवादीबाट बरामद भएको नदेखिंदा प्रतिवादी भावना महतले घुस/रिसवत लिनमा सहयोगीको भूमिका खेलेको भन्ने देखिन नआएको, यस स्थितिमा निज प्रतिवादी भावना महतले आरोपदावी बमोजिम कसूर गरेको भन्ने अभियोग मागदावी प्रमाणबाट पुष्टि हुन नआएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०७।०२ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रतिवादी भावना महतले मुख्य प्रतिवादी लेखा पनेरु महतको लागि घुस/रिसवत वापतको रकम भएको झोला केहिछिन राखिदिएर फेरी प्रतिवादी लेखा पनेरुलाई नै फिर्ता दिएको व्यहोरा मिशिल संलग्न खानतलासी/बरामदी मुचुल्काबाट देखिएको। निवेदकले पेश गरेको अडियो/भिडियोको रेकर्ड, सम्वाद उतार गरिएको स्क्रिप्ट राईटिङ अध्ययन गरी हेर्दा स्क्रिप्ट राईटिङमा निज लेखा पनेरु महत र भावना महत उजुरवालासँगै रहेको, लेखा पनेरु महतले भावना महतको सामुन्नेमै डेडलाख रुपैंयाको संकेत गरी भावना ल्याउनु भनेको, भावनालाई सँगै राखेको, यो मेरो बहिनी हो भनी चिनाएकोसमेत उल्लेख भएको देखिंदा देखिंदै उक्त मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीलाई पूरक आरोप पत्रमा उल्लेखित आरोप मागदावी बमोजिम सजाय हुनु पर्नेमा सो नगरी कसूरबाट सफाई दिने ठहरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।

- प्रतिवादी भावना महतले मौकाको बयान गर्दा बरामद भएको रकम प्रतिवादी लेखा पनेरु महतले मिति २०७९।०१।११ गते मलाई राख्न दिएको झोला मैले पसलमा राखेको र सोही झोला पुनः निज लेखा पनेरु महतले लिएर आएकी हुन् भन्ने समेत व्यहोरा उल्लेख गरी रकम राखिदिएको तथ्य उल्लेख गरेको। अदालतमा बकपत्र गर्दा मैले मौकामा गरेको बयान व्यहोरा मेरो होईन, कसरी लेखियो मलाई थाहा भएन, म व्यवसाय गर्ने मानिस मेरो पसलमा मानिसहरु सामान खरिद गर्नको लागि आई रहनुहुन्छ, मिति २०७९।०१।११ गते मेदो शेर्पाले म केहिछिन पछि आउँछु मेरो सामान एकछिन राखिदिनु भनी एउटा झोला राख्न दिनु भयो, तत् पश्चात निज मेदो शेर्पा प्रतिवादी लेखा पनेरु समेत पसलमा आई राख्न दिएको झोला मागी सो झोला निज मेदो शेर्पाले लेखा पनेरुलाई दिएकी र केहि समय पश्चात प्रहरी समेत आई मेरो पसल बाहिर कागजात तयार भएको हो, कागजमा मलाई सही गर्न लगाएकाले मैले सही गरेकी हुँ, मलाई अख्तियारमा बयान लिए पश्चात पढी सुनाउनु भएको होईन, के व्यहोरा लेख्नु भएको थियो मलाई थाहा भएन, आज अदालतमा गरेको बकपत्रमा लेखिएको व्यहोरा नै मेरो व्यहोरा हो, मलाई झोला मेदो शेर्पाले राख्न दिनु भएको हो, मालपोत अधिकृत लेखा पनेरुले दिनु भएको होईन समेत भनेकोले मौकाको व्यहोरा तथा तथ्य समेत विपरीत हुनेगरी अदालत समक्ष बकपत्र गरिदिएको व्यहोरा मिशिल संलग्न बकपत्रको प्रमाणित प्रतिलिपीबाट स्पष्ट देखिएकोले निजलाई अनुसन्धानको क्रममा सहयोग गरेबापतको दिईएको सजाय मागदावीमा पूर्ण छुट निश्प्रभावी देखिई निजको उक्त कार्य मुख्य कसूरदारको सहयोगीको भूमिका रहेको स्पष्ट देखिएकोले आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **भावना महत** समेत प्रतिवादी भएको लगाउको मुद्दा, (लेखा पनेरु महत प्रतिवादी भएको विशेष अदालतको मुद्दा नं.०७८-CR-०१२६, तथा भावना महत प्रतिवादी भएको विशेष अदालतको मुद्दा नं. ०७९-CR-००८७), विशेष अदालतबाट फैसला भएको मिति २०८०/१०/१२) | **घुस/रिसवत लिई भ्रष्टाचार गरेको।** | प्रस्तुत मुद्दामा देहाय बमोजिमका प्रतिवादी समेत उपर सजायको मागदाबी लिइएको अवस्था विद्यमान छः<br><br>**<u>प्रतिवादी भावना महत (मुद्दा नं. ०७९-CR-००८७) को हकमाः</u>**<br>मिसिल संलग्न तथ्य, प्रमाण, आधार र कारणहरु तथा कागजातहरुको अध्ययन विश्लेषणबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको भन्ने प्रतिवादी लेखा पनेरु महत भएको मुद्दामा घुस बापतको रकम राखिदिने भावना महतलाई उक्त मुद्दाको अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिएर प्रतिवादी नबनाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले विशेष अदालत, काठमाडौं समक्ष मिति २०७९।०५।२० गतेका दिन उपस्थित भई वकपत्र गर्दा आयोगबाट अनुसन्धानको क्रममा निजले गरेको बयान व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको तथ्य पुष्टी भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था बमोजिम निज उपर विस्तृत अनुसन्धान गरी पुनःमुद्दा दायर गर्न सकिने व्यवस्था रहेको हुँदा निज भावना महतले गरेको कार्य घुस/रिसवत वापत प्रतिवादी लेखा पनेरु महतले लिएको रकम सहितको झोला पसलमा राखी पुनः निज लेखा पनेरु महतलाई जिम्मा लगाएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको | <u>फैसलाः</u><br>प्रस्तुत मुद्दा (मुद्दा नं.०७९-CR-००८७) मा प्रतिवादी **भावना महतले** आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ ।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>**<br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट प्रतिवादी भावना महतको हकमा प्रस्तुत मुद्दाको आरोप मागदावीबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्ः<br><br>क) प्रस्तुत मुद्दाका सम्बन्धमा मौकामा बुझिएका **भावना महतले** मालपोत अधिकृत लेखा पनेरु महतले रातो फाईवरको झोला भित्र रहेको सामान राख्नु भनेर आफूलाई दिएको र निजले सो झोला मिति २०७९।०१।११ गते अन्दाजी १०:३० बजे दिई पुनः११ बजे सोही दिन लिएकी हुन् भनी व्यहोरा लेखाएको, तर अदालतमा बकपत्र गर्दा निज भावना महतले **थोरै कुरा फेरी** उक्त रातो झोला मेदो शेर्पाले आफूलाई राख्न दिएकोमा सोही बखत लेखा पनेरुलाई दिएका हुन् भनी लेखाएकोले निज समेतलाई प्रतिवादी कायम गरेको देखिएको, झोला कसले राख्न दिएको भन्ने सम्म व्यहोरा फरक देखिए पनि **कसले लिएको भन्ने तर्फ लेखा पनेरुले सो झोला लिएको देखिंदा** झोला दिने व्यक्ति जो कोही भएपनि लेखा पनेरु महत नै सो रातो झोला लिने व्यक्ति भएकोमा कुनै विवाद नदेखिएको।<br>ख) प्रतिवादी भावना महतले मिति २०७९।०१।११ गतेको बिहान मेदो शेर्पाले पसलमा झोला राखिदिनुप-यो भनी भनेकाले झोलासम्म राखिदिएको हुँ भनी अदालतमा | प्रस्तुत मुद्दाको लगाउको रुपमा रहेको मुद्दा **(मुद्दा नं. ०७८-CR-०१२६)** मा मुख्य प्रतिवादीको रुपमा रहेका लेखा पनेरु महतलाई विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।१०।१२ गते भएको फैसलामा आरोप मागदावी बमोजिम नै कसूरदार ठहरी ६ (छ) महिना कैद र बिगो रु.१,५०,०००।—बरामद भएको देखिएकोले बिगो बमोजिम जरिवाना सजाय हुने फैसला भएकोले निजको हकमा पुनरावेदन जिकिर नलिईएको।<br>क) प्रस्तुत मुद्दामा प्रतिवादी भावना महतले मुख्य प्रतिवादी लेखा पनेरु महतको लागि घुस/रिसवत वापतको रकम भएको झोला केहिछिन राखिदिएर फेरी प्रतिवादी लेखा पनेरुलाई नै फिर्ता दिएको व्यहोरा मिशिल संलग्न खानतलासी/बरामदी मुचुल्काबाट देखिन्छ भने निवेदिकाले पेश गरेको अडियो/भिडियोको रेकर्ड सम्वाद उतार गरिएको स्क्रिप्ट राईटिङ अध्ययन गरी हेर्दा स्क्रिप्ट राईटिङको पेज नं.१७ तथा १८ मा यि प्रतिवादी लेखा पनेरु महत, उजुरवाला मेदो शेर्पासँगै निज प्रतिवादी भावना महत पनि सँगै रहेको, लेखा पनेरु महतले भावना महतको सामुन्नेमै उजुरवालाले **डेड डेड** भन्दै डेडलाख रुपैंयाको संकेत गरी **भावना ल्याउनु** भनेको, भावनालाई सँगै राखेको, **यो मेरो बहिनीको हो लु बस्नु** भनेको,**ओई भावना** भनेर बोलाएको समेत उल्लेख भएको देखिंदा देखिंदै उक्त मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीलाई पूरक आरोप पत्रमा उल्लेखित आरोप मागदावी बमोजिम सजाय हुनु पर्नेमा सो नगरी आरोपित कसूरबाट सफाई दिने ठहरी भएको सम्मानित बिशेष अदालत, काठमाण्डौको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको ।<br><br>ख) प्रतिवादी भावना महतले मौकाको बयान गर्दा बरामद भएको रकम प्रतिवादी लेखा पनेरु महतले मिति २०७९।०१।११ गते बिहान अन्दाजी १०:३० बजे मलाई राख्न दिएको झोला मैले पसलमा राखेको र सोही झोला पुनः ११ बजे निज लेखा पनेरु महतले लिएर आएकी हुन् भन्ने समेत व्यहोरा उल्लेख गरी रकम राखिदिएको तथ्य उल्लेख गरेको देखिन्छ भने अदालतमा बकपत्र गर्दा बकपत्रको सवाल जवाफ नं ६ को जवाफमा मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसूरमा मतियार भएको हुँदा निज प्रतिवादी भावना महत उपर रु.१,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको कसुरमा ऐ.ऐनको दफा २२ बमोजिम राष्ट्रसेवकलाई हुने सजायको आधा सजाय हुन मागदाबी लिईएको । | बयान गरेको देखिएको, निजको सो बयानलाई समर्थन हुने गरी वादी तथा प्रतिवादीका साक्षीहरुले बकपत्र समेत गरिदिएको,स्थानीय कपडा पसलमा चिनजानको व्यक्ति बिशेषले केही समय झोला राखीदिनु भनी दिएको र **सो झोला भित्र घुस/रिसवतकै रकम हो भन्ने यकिन जानकारी भएको भन्ने मिशिल संलग्न प्रमाण कागजबाट नदेखिएको**, त्यस्तो जानकारी भएकै भएपनि निज प्रतिवादी भावना महतले सो घुसको हिस्सा पाउने नियत राखेको वा कसूरमा संलग्न रही काम गरेको भन्ने नदेखिएको, प्रस्तुत कसूरमा निजको मनसायतत्व रहेको नदेखिएको, **अभियोजन पक्षबाट** प्रतिवादी भावना महत उपर घुस/रिसवत लिनमा सहयोगी भूमिका खेलेको भन्ने आरोप पुष्टि हुने अवस्था नदेखिएको।<br><br>ग) भ्रष्टाचार जस्तो गम्भीर कसूरमा अभियोग लगाउँदा एवं कसूर कायम गर्दा प्रस्ट रुपमा सबूद प्रमाणहरुबाट पुष्टि हुनु पर्ने र त्यस्तो सबूद प्रमाण प्रत्यक्ष रुपमा हुनु र देखिनु पर्ने, कसैले कुनै व्यक्तिउपर दोष वा अभियोग लगाउँछ भने त्यसरी दोष वा अभियोग लगाउन मात्र पर्याप्त हुँदैन,सो कुरा प्रमाणका आधारमा पुष्टि पनि गर्नु पर्दछ, फौजदारी मुद्दामा प्रतिवादीको कसूर प्रमाणित गर्नुपर्ने भार वादी वा अभियोग दावी गर्ने पक्षमा निहित हुन्छ,प्रत्यक्ष एवं स्वतन्त्र प्रमाणको अभावमा केवल अनुमान, आशंका र अन्दाजको भरमा लिईएको अभियोग दावीबाट अभियुक्तलाई कसूरदार ठह-याई सजाय दिनु फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत हुनुका साथै शंकाको सुविधा अभियुक्तले पाउने भन्ने मान्य सिद्धान्तको आधारमा घुस बापत लिएको बरामदित रकम समेत निज प्रतिवादीबाट | २०७९।०१।११ गतेको बरामदी मुचुल्का तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको बयान व्यहोरा मलाई देखाउँदा देखि सुनी पाएँ, मैले मौकामा गरेको बयान व्यहोरा मेरो होईन, कसरी लेखियो मलाई थाहा भएन, म व्यवसाय गर्ने मानिस मेरो पसलमा मानिसहरु सामान खरिद गर्नको लागि आई रहनुहुन्छ, मेदो शेर्पा मेरो पसलको नियमित ग्राहक हुनुहुन्छ,मिति २०७९।०१।११ गते निज मेदो शेर्पाले म केहिछिन पश्चात आउँछु मेरो सामान एकछिन राखिदिनु प-यो भनि एउटा झोला राख्न दिनु भयो, तत् पश्चात निज मेदो शेर्पा प्रतिवादी लेखा पनेरु समेत धेरैजना मानिसहरु मेरो पसलमा आई मेदो शेर्पाले मैले राख्न दिएको झोला दिनोस भनी म सँग मागी सो झोला निज मेदो शेर्पाले लेखा पनेरुलाई दिएकी र केहि समय पश्चात प्रहरी समेत आई मेरो पसल बाहिर कागजात तयार भएको हो, कागजमा मलाई सही गर्न लगाएकाले मैले सही गरेकी हुँ, मलाई अख्तियारमा बयान लिए पश्चात पढी सुनाउनु भएको होईन, के व्यहोरा लेख्नु भएको थियो मलाई थाहा भएन, आज अदालतमा गरेको बकपत्रमा लेखिएको व्यहोरा नै मेरो व्यहोरा हो, मलाई झोला मेदो शेर्पाले राख्न दिनु भएको हो, मालपोत अधिकृत लेखा पनेरुले दिनु भएको होईन समेत भनेकोले मौकाको व्यहोरा तथा तथ्य समेत विपरीत हुनेगरी अदालत समक्ष बकपत्र गरिदिएको व्यहोरा मिशिल संलग्न बकपत्रको प्रमाणित प्रतिलिपीबाट स्पष्ट देखिएकोले निजलाई अनुसन्धानको क्रममा सहयोग गरेबापतको दिईएको सजाय मागदावीमा पूर्ण छुट निश्प्रभावी देखिई निजको उक्त कार्य मुख्य कसूरदारको सहयोगीको भूमिका रहेको स्पष्ट देखिएको।<br><br>ग) निज प्रतिवादी भावना महतले मुख्य प्रतिवादी लेखा पनेरु महतको लागि घुस/रिसवत वापतको रकम भएको झोला केहिछिन राखिदिएर फेरी प्रतिवादी लेखा पनेरुलाई नै फिर्ता दिएको व्यहोरा मिशिल संलग्न खानतलासी/बरामदी मुचुल्का तथा निवेदिकाले पेश गरेको अडियो/भिडियोको रेकर्ड सम्वाद उतार गरिएको स्क्रिप्ट राईटिङमा समेत उल्लेख भएको देखिंदा देखिंदै उक्त मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीलाई पूरक आरोप पत्रमा उल्लेखित आरोप मागदावी बमोजिम सजाय हुनु पर्नेमा सो नगरी आरोपित कसूरबाट सफाई दिने ठहरी भएको सम्मानित बिशेष अदालत, काठमाण्डौको फैसला |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **बरामद भएको नदेखिंदा** प्रतिवादी भावना महतले घुस/रिसवत लिनमा सहयोगीको भूमिका खेलेको भन्ने देखिन नआएको, यस स्थितिमा निज प्रतिवादी भावना महतले आरोपदावी बमोजिम कसूर गरेको भन्ने अभियोग मागदावी प्रमाणबाट पुष्टि हुन नआएको। | सो हदसम्म त्रुटिपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको ।<br><br>घ) प्रतिवादी भावना महतले मुख्य प्रतिवादी लेखा पनेरु महतलाई घुस/रिसवत वापत लिएको रकम राख्न सहयोग गरिदिई उक्त कसूरजन्य कार्यको मतियार भएर सहयोग गरेको तथ्य तथा प्रमाण समेतलाई नजरअन्दाज गरी भएको सम्मानित बिशेष अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।<br><br>ङ) निज प्रतिवादी भावना महतले प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५५ मा उल्लेख भए बमोजिमको व्यवस्था अनुसारको मुद्दाको अनुसन्धानको क्रममा गरेको सहयोगको बर्खिलाप हुनेगरी सम्मानित बिशेष अदालत समक्ष मौकाको बयानको प्रतिकूल हुनेगरी तथा मुद्दामा प्रतिकुल असर पार्ने गरी बकपत्र गरिदिएबाट मुख्य प्रतिवादीलाई आरोपित कसूरबाट उन्मुक्ति दिलाउने निजको कलुषित मनसाय रहे भएको देखिएकोले निजलाई पूरक आरोपपत्रमा उल्लिखित आरोपमागदावी बमोजिम सजाय हुनु पर्नेमा सो तथ्य तथा प्रमाण समेतलाई अनदेखागरी भएको बिशेष अदलत, काठमाण्डौबाट भएको शुरु फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। |